चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**मिति २०८०/०७/२० गतेको कर्मचारी बैठकले गरेका प्रस्ताव तथा निर्णयहरू**

**निर्णय नं. १ : प्रस्ताव नं. १ 'शोक प्रस्ताव सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका तथा अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरुले मिति २०८०/०७/१७ गते राती ११:४७ बजे जाजरकोटको रामीडाँडालाई केन्द्र बिन्दु बनाइ ६.४ रेक्टरको विनासकारी भूकम्पको कारणले मृत्यु भएकाहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरियो।

निर्णय नं. २: **प्रस्ताव नं. २ 'आर्थिक सहयोग सम्बन्धी प्रस्तावमा'** २०८०/०७/१७ गते राति ११:४७ बजे जाजरकोटको रामीडाँडालाई केन्द्र बिन्दु बनाइ ६.४ रेक्टरको विनासकारी भूकम्पको कारणले यस चौरजहारी नगरपालिकाका घाइते तथा भूकम्प पीडितहरूको सहयोगको लागि चौरजहारी नगरपालिकाको प्रकोप व्यवस्थापन कोष खातामा चौरजहारी नगरपालिका तथा अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरुले सुरू तलब स्केलको २ दिन बराबरको आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'भूकम्प प्रभावित व्यक्तिहरूको विवरण सङ्कलन गर्ने सम्बन्धी प्रस्ताव'** छलफल गर्दा मिति २०८०/०७/१७ गते राति ११:४७ बजे गएको भूकम्पले चौरजहारी नगरपालिकामा भएको क्षति सम्बन्धी यथार्थ विवरण सङ्कलन गर्न यस चौरजहारी नगरपालिकामा कार्यरत देहायका कर्मचारीहरूको अनुगमन समितिहरू गठन गरी तपसिल अनुसारका वडाहरूमा खटाउने र उक्त समितिहरूले मिति २०८० कार्तिक २४ सम्म विवरण सङ्कलन गरी विपद व्यवस्थापन उपशाखामा बुझाउने निर्णय गरियो।

**तपसिल**

| क्र.स. | शाखाको नाम | वडा नं. | खटाइएका कर्मचारीहरूको विवरण |
|---|---|---|---|
| १ | आर्थिक विकास शाखा | १० र ११ | १. गणेश बुढामगर – संयोजक<br>२. अमृत चौधरी – सदस्य<br>३. किरणकुमार सिंह - सदस्य |
| २ | प्रशासन, योजना तथा अनुगमन शाखा | १ र २ | १. सीता थापा – संयोजक<br>२. राजु शर्मा – सदस्य<br>३. प्रेमबहादुर राना – सदस्य |

२०८०/०७/२०
शेरप्रसाद ढकाल

| क्र.स. | शाखाको नाम | वडा नं. | खटाइएका कर्मचारीहरूको विवरण |
|---|---|---|---|
| ३ | स्वास्थ्य तथा सामाजिक विकास शाखा | ८ | १. रामबहादुर सुनार – संयोजक<br>२. चन्द्रबहादुर बुढा – सदस्य<br>३. केविन्द्र पुनमगर |
| ४ | पूर्वाधार विकास शाखा | १२ र १४ | १. भीमबहादुर के.सी. – संयोजक<br>२. प्रकाश डाँगी – सदस्य<br>३. मुक्ति वि.क. – सदस्य |
| ५ | शिक्षा, युवा तथा खेलकुद शाखा | १३ र ४ | १. टिकाजंग ओली – संयोजक<br>२. देवबहादुर रोकाय – सदस्य<br>३. खडक ढकाल – सदस्य |
| ६ | कृषि सेवा केन्द्र | ५ र ६ | १. विमल खडका – संयोजक<br>२. मनोज शाह – सदस्य<br>३. पवित्रा शर्मा पोखरेल – सदस्य |
| ७ | पशु सेवा केन्द्र | ३ र ९ | १. रामबहादुर सिंह – संयोजक<br>२. प्रविण थापा – सदस्य<br>३. गणेश खडका - सदस्य |

**आजको बैठक शान्त एवम् सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**

२०७०/०८/२०

**शेरप्रसाद ढकाल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**